# धुलिखेल नगरपालिका

## काभ्रेपलाञ्चोक, बागमती प्रदेश

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १ मितिः २०७६/११/१५

## भाग १

# धुलिखेल नगरपालिकाको मानपदवी ऐन, २०७६

नगर सभावाट पारित मितिः२०७६/११/११

प्रमाणिकरण मितिः२०७६/११/१५

## प्रस्तावना

धुलिखेल नगरपालिकाको समुन्नतिका लागि बिभिन्न क्षेत्रमा योगदान गर्ने बिशिष्ट नागरिकहरुलाई सम्मान गर्न नगरपालिकाको तर्फवाट मानपदवी निर्धारण छनोट र बितरण कार्यलाई ब्यबस्थित गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी धुलिखेल नगर सभाको छैठौं अधिबेशनले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "मानपदवी ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कार्यपालिका" भन्नाले धुलिखेल नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत कार्यपालिकाले वनाएको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले धुलिखेल नगरपालिका सम्झनु पर्दछ ।

(घ) "मानपदवी" भन्नाले यस ऐन बमोजिम प्रदान गरिने मानपदवी सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ४ बमोजिमको मानपदवी समिति सम्झनु पर्छ ।

## परिच्छेद २

## मानपदवी प्रदान गर्ने प्रक्रिया

**३. मानपदवी प्रदान गर्न सक्ने**:(१) नगरपालिकाले धुलिखेल नगरको राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, अन्वेषणात्मक लगायतका अन्य क्षेत्रमा वा अन्तर्राष्ट्रिय क्षेत्रमा

विशिष्ट योगदान पुऱ्याउने धुलिखेल नगरपालिकाका नागरिकलाई समितिको सिफारिसमा यस ऐन बमोजिम मानपदवी प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै क्षेत्रमा धुलिखेलको हितको लागि विशिष्ट योगदान पुऱ्याउने नेपाली वा विदेशी नागरिकलाई धुलिखेल नगरपालिकाले सम्मान स्वरुप मानपदवी प्रदान गर्न सक्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) र (२) बमोजिम मानपदवी प्रदान गर्दा मानपदवी पाउने व्यक्तिको नाम र निजले प्राप्त गरेको मानपदवीको प्रकार तथा निजले धुलिखेल नगरको जीवनमा पुऱ्याएको योगदान समेत खुलाई सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशन गर्नेछ र यस्तो सूचना राजपत्रमा समेत प्रकाशन गरिनेछ ।

४. **मानपदवी समिति :**(१) यस ऐन बमोजिम प्रदान गर्ने मानपदवीका सम्बन्धमा कार्यपालिका समक्ष सिफारिस प्रस्तुत गर्न देहाय बमोजिमको एउटा मानपदवी समिति रहनेछ :

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर उपप्रमुख – सदस्य

(ग) नगर प्रमुखले तोकेको नगर कार्यपालिकाको सदस्य एकजना - सदस्य

(घ) धुलिखेल नगरको लागि उल्लेखनीय योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट समावेशी सिद्धान्तको आधारमा कार्यपालिकाले तोकेको एक जना – सदस्य

ङ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैं निर्धारण गरे बमोजिम हुनेछ ।

५. **मानपदवी सिफारिस प्रक्रिया** :(१) देहायका पदाधिकारी, कर्मचारी वा कुनै महानुभावले आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्रलाई योगदान पुऱ्याएको भएमा त्यस्ता पदाधिकारी,

कर्मचारी वा महानुभावले पुऱ्याएको योगदानको विवरण अनूसूची १ बमोजिमको ढाँचामा खुलाई मानपदवी प्रदान गर्न देहायका निकाय वा पदाधिकारीले निर्दिष्ट समयभित्र आफ्नो सिफारिस समितिमा पठाउनु पर्नेछ :

(क) संघ संस्थाहरु तथा धुलिखेल नगर क्षेत्र बाहेकका नागरिकहरुको हकमा नगर प्रमुखले,

(ख) नगर कार्यपालिकाको कार्यालय तथा मातहत कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृतले,

(ग) विद्यालय, विद्यालय व्यवस्थापनका पदाधिकारी तथा शिक्षकको हकमा नगर शिक्षा समितिले,

(घ) वडावासी नागरिकको हकमा वडाध्यक्षले, तर, खण्ड (ख), (ग) र (घ) को हकमा नगरप्रमुख वा उपप्रमुखले समेत सिफारिस गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा पदाधिकारीबाट मानपदवीको लागि सिफारिस प्राप्त हुन आएपछि समितिले आवश्यक छानबिन गरी मानपदवी प्रदान गर्नका लागि उपयुक्त देखिएका पदाधिकारी कर्मचारी तथा महानुभावको नामावली तथा निजहरुले पाउनु पर्ने मानपदवीको प्रकार समेत खुलाई मानपदवी प्रदान गर्नका लागि कार्यपालिका समक्ष नाम सिफारिस गर्नु पर्नेछ ।

(३) विदेशी राष्ट्रका नागरिकलाई मानपदवीको लागि सिफारिस गर्दा त्यस्तो राष्ट्रको प्रचलनलाई समेत ध्यानमा राखी सिफारिस गरिनेछ ।

(४) मानपदवी सिफारिस सम्बन्धी अन्य प्रकृया कार्यपालिकाले तोके बमोजिम हुनेछ।

६. **सिफारिसका आधार :** समिति समक्ष मानपदवीको लागि सिफारिस गर्दा देहायका आधारमा गर्नु पर्नेछ :

(क) नगरपालिकाको गौरव वृद्धि गर्ने कार्यमा विशेष योगदान पुऱ्याएको ,

(ख) आफ्नो क्षेत्रमा उत्कृष्ट काम गरी नगरपालिकालाई योगदान पुऱ्याएको ,

(ग) नगरपालिकाको सेवासँग सम्बन्धित व्यक्तिको हकमा आफुलाई तोकिएको काम प्रशंसनीय रुपमा सम्पादन गरेको,

(घ) विदेशी नागरिक भए नगरपालिकाको समुन्नति तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको सम्मान बढाउने कार्यमा विशेष योगदान पुऱ्याएको,

ङ) कुनै साहसी वा बुद्धिमत्तापूर्ण काम गरी सार्वजनिक हितको लागि विशेष योगदान,

(च) तोकिएको अन्य आधार पूरा गरेको ।

**७.मानपदवी सुशोभन समारोहः** (१) नगर प्रमुखले मानपदवी पाउने व्यक्तिलाई सो मानपदवी, त्यसको प्रतीक समूह र प्रमाणपत्र नगरपालिकाको स्थापना दिवस मूल समारोहका दिन प्रदान गर्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम धुलिखेल नगर बाहिरका विशिष्ट व्यक्तिहरुलाई यस ऐन बमोजिम मानपदवी प्रदान गर्न जुनसुकै समयमा पनि कार्यपालिकाको कार्यालयले मानपदवी सुशोभनको व्यवस्था मिलाउन सक्नेछ ।

(३) कुनै व्यक्तिलाई कुनै मानपदवी मरणोपरान्त प्रदान गरिएमा वा मानपदवी पाउने व्यक्तिको सुशोभन समारोह हुनु अगावै मृत्यु भएमा निजले पाउने मानपदवी सोको प्रतीक र प्रमाणपत्र समेत निजको पत्नी वा पतिलाई वा त्यस्तो पत्नी वा पति नभए निजको ज्येष्ठ सन्तान वा कुनै सन्तान नभए निजको नजिकको हकवालालाई प्रदान गरिनेछ ।

## परिच्छेद -३

## मानपदवी

**८. मानपदवीको प्रकार र मर्यादाक्रम :** (१) यस ऐन बमोजिम प्रदान गरिने मानपदवीको प्रकार देहाय बमोजिम हुनेछन्ः–

(क) धुलिखेल रत्न ।

(ख) धुलिखेल नक्षत्र ।

(ग) धुलिखेल प्रज्ञाश्री ।

(घ) धुलिखेल सेवाश्री ।

(ङ) धुलिखेल तारा ।

(च) जनसेवाश्री ।

(२) मानपदवीको मर्यादाक्रम उपदफा (१) मा उल्लेख भएको क्रम अनुसार कायम हुनेछ ।

(३) राष्ट्रिय वा प्रदेश स्तरका मानपदवीहरुको मर्यादाक्रम नगरपालिकाले प्रदान गर्ने मानपदवी भन्दा पहिले हुनेछ ।

९. **मानपदवी वितरण गर्ने आधारहरु :** (१) मानपदवी वितरणका आधारहरु निम्नानुसार हुनेछन् :

(क) धुलिखेल रत्न: जीवनका अधिकांश समय धुलिखेल नगरको कुनै पनि क्षेत्रमा सेवा गरी धुलिखेलको गरिमा उचो राख्न विशिष्ट योगदान गर्ने व्यक्ति एक जनालाई ।

(ख) धुलिखेल नक्षत्र : राजनीतिक क्षेत्रमा लोकप्रियता हासिल गरेका वा नगरपालिकाका वर्तमान तथा पूर्व जनप्रतिनिधिको रूपमा विवादरहित, इमान्दारितापूर्वक सेवा गरेका व्यक्ति एक जना ।

स्पष्टीकरण : यस खण्डमा पुर्व जनप्रतिनिधि भन्नाले साविक धुलिखेल नगरपालिका क्षेत्र तथा हाल नगरपालिकामा गाभिन आएका साविक गाउँ विकास समितिका २०४६ साल पछिका पूर्व जनप्रतिनिधिलाई जनाउँछ ।

(ग) धुलिखेल प्रज्ञाश्री : कला, साहित्य वा प्राज्ञिक क्षेत्रमा महत्वपुर्ण योगदान गरी धुलिखेलको नाम राख्न योगदान गर्ने व्यक्ति/संस्था बढीमा एक जना ।

(घ) धुलिखेल सेवाश्री : धुलिखेलको विकासमा योगदान पुऱ्याएका विकास साझेदार वा औद्योगिक लगानीकर्ता वा कृषि तथा पर्यटन व्यवसाय क्षेत्रमा धुलिखेललाई उल्लेखनीय योगदान पुऱ्याएका व्यक्ति वा संस्था बढीमा एक जना ।

(ङ) धुलिखेल तारा : सम्पदा संरक्षण वा वातावरण संरक्षण वा संचार क्षेत्र वा साहसिक कार्य वा लोककला वा खेलक्षेत्र वा उद्यमी वा सामुहिक कृषि वा बन संरक्षण वा टोल विकास वा सार्वजनिक निर्माण साझेदार वा शिक्षण सस्था वा स्वास्थ्य संस्था

वा सहकारिता वा सामुहिक व्यवसाय वा स्थानीय न्याय व्यवस्थापन वा महिला, बालबालिका, दलित, जनजाति, अपाङ्ग, जेष्ठ नागरिकको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्ति वा संस्था बढीमा ५ जना ।

(च) जनसेवाश्री : धुलिखेल नगर कार्यपालिकाको कार्यालय वा मातहत कार्यालय, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा विद्यालयका शिक्षकहरु मध्ये कार्य सम्पादनको स्तर, क्रियाशीलता, सेवाग्राहीहरु संगको सम्वन्ध, इमान्दारिता, पेशागत निष्ठा, आचरण समेतको आधारमा उत्कृष्ट छनौट भएको २ जना ।

**१०. मानपदवी लगाउने:** यो ऐन बमोजिम मानपदवी प्राप्त गर्ने व्यक्तिहरुले नगर क्षेत्रभित्र हुने नगरस्तरीय सार्वजनिक समारोहहरुमा उपस्थित हुँदा अनिवार्य रूपमा मानपदवी लगाउनु पर्नेछ ।

(२) नगरस्तरीय सार्वजनिक समारोहहरुमा उपस्थित हुँदा नगरपालिका र अन्य स्वदेशी/विदेशी मानपदवी पाउने व्यक्तिले नगरपालिकाबाट प्राप्त मानपदवी नलगाई अन्य मात्र मानपदवी लगाउन पाउनेछैन ।

**११. मानपदवीको प्रमाणपत्र :** मानपदवी पाउने व्यक्तिलाई समितिले अनुसूची २ बमोजिमको प्रमाणपत्र प्रदान गरिनेछ ।

**१२. मानपदवीको प्रतिक** : नगरपालिकाले वितरण गर्ने मानपदवीको प्रतिक अनुसूची ३ बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विविध

**१३. पुनः मानपदवी प्रदान गर्न सकिने :** (१) एक व्यक्ति वा सस्थालाई एक पटक भन्दा बढी मानपदवी प्रदान गर्न सकिने छ| तर त्यस्तो मानपदवी फरक सेवा वा कार्यको लागि मात्र प्रदान गरिनेछ |

**१४. मानपदवीको प्रशंसा लेख्ने :**(१) मानपदवी पाउने व्यक्तिले नामको अगाडि आफूले पाएको मानपदवी अनुसार प्रशंसा लेख्न सक्नेछ । नगरस्तरीय सार्वजनिक समारोहमा उक्त व्यक्तिलाई निजको मानपदवीको प्रशंसाबाट संवोधन गर्न सकिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकभन्दा बढी मानपदवी पाउने व्यक्तिको नामको अगाडि सो बमोजिम प्रशंसा लेख्दा निजले पाएको मानपदवीको मर्यादाक्रम अनुसार लेख्नु पर्नेछ ।

**१५.मानपदवी सम्बन्धी अन्य व्यवस्था :** यस ऐन बमोजिम मानपदवी प्रदान गर्नको लागि चाहिने अन्य शर्त र मानपदवीको बनोट, आकार प्रकार तथा प्रतीक समूह सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६.मान पदवी वा प्रमाणपत्र हराए वा नष्ट भएमा :** (१) कुनै व्यक्तिले आफूले प्राप्त गरेको मानपदवीको प्रतीक वा प्रामाणपत्र हराएमा वा नष्ट भएमा तोकेको शुल्क तिरी नगरपालिका बाट प्राप्त गर्न सक्नेछ ।

**१७.मानपदवी प्रचलनमा ल्याउन नपाइने** : नगरपालिकाबाट प्रदान गर्ने मानपदवी जस्तो नाम, बनोट र आकृति कायम गरी कुनैसंस्था वा व्यक्तिले कुनै मानपदवी दिन पाउने छैन । त्यस्तो पाइएमा नगरपालिकाले जफत गर्नेछ ।

**१८.मानपदवी रद्द गर्न सकिनेः**(१) यस ऐन बमोजिम कुनै नेपाली नागरिक वा विदेशी व्यक्तिलाई प्रदान गरिएको मानपदवीलाई नगर कार्यपालिकाले देहायको अवस्थामा रद्द गर्न सक्नेछ :

(क) आफूले प्राप्त गरेको मानपदवी कसैलाई बिक्री गरेमा वा बन्धकीमा राखेमा, आफुले प्राप्त गरेको मानपदवीको मर्यादा विपरीत हुने गरी मानपदवीको प्रयोग गरेमा वा कसैलाई प्रयोग गर्न दिएमा ।

(ख) नगरपालिकाको संस्थागत हित विरुद्ध कुनै गम्भीर कार्य गरेको प्रमाणित भएमा वा बलात्कार वा सामुहिक हत्या वा भ्रष्ट्राचारको फौजदारी अभियोगमा अदालतद्वारा कसुरदार ठहर भएमा ।

(ग) विदेशी नागरिकको हकमा नेपालका विरुद्ध हातहतियार उठाएमा वा उठाउने कुचेष्टा गरेमा वा शत्रु राज्यलाई कुनै प्रकारबाट सहायता दिएमा वा नेपाल विरुद्ध जासुसी गरेमा वा नेपालले समेत भाग लिएको युद्धको समयमा नेपालको शत्रु राज्यको तर्फबाट युद्धमा भाग लिएमा ।

(२) उपदफा (१) बमोजिम कुनै मानपदवी रद्द गरिएमा कार्यालयले मानपदवी पाउने व्यक्तिको नाम र रद्द गरिएको मानपदवी समेत खुलाई सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

**१९.मानपदवी स्वेच्छाले फिर्ता गर्न सक्नेः** (१) कसैले यस ऐन बमोजिम प्राप्त गरेको कुनै मानपदवी स्वेच्छाले फिर्ता गर्न चाहेमा त्यस्तो मानपदवीको प्रतीक र प्रमाणपत्र नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) मानपदवी फिर्ता गर्ने व्यक्ति वा सस्था फिर्ता भए पश्चात सो मानपदवी पाएको मानिने छैन ।

(३) फिर्ता भएको मानपदवीको नामनामेसी विवरण कार्यालयले जानकारीका लागि सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

**२०. अभिलेख राख्नेः** यस ऐन बमोजिम प्रदान गरिएका मानपदवीको अभिलेख नगर कार्यपालिकाको कार्यालयले राख्नेछ ।

**२१. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**२२. बचाउ :**(१) यो ऐन जारी हुनु पूर्व नगरपालिकाबाट वितरित मानपदवी यसै ऐन बमोजिम वितरण भएको मानिनेछ ।

(२) यो ऐन जारी हुनु पूर्व वितरण गरिएको मानपदवीको प्रतीकको ढाँचा यस ऐन बमोजिम फरक पर्ने भएमा कार्यालयबाट सट्टा उपलव्ध गराईने छ ।

आज्ञाले

तारानाथ लुईटेल

प्रमुख प्रशासकीय अधिकृत